जहाँ छ मेरो जन्मभूमि त्यहाँ शान्त शीतल जलमग्नमा छन् भक्तवत्सल महेश्वर । म जन्मिए हुर्किएँ यस्तो पावन पुण्यभूमिमा नाम हो यसको जलेश्वर ।।-कवि पवेन्द्र मानश्रेष्ठ

समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक

सबै क्षेत्रको प्रवर्द्धनको गुरु

जि.प्र.का. महोत्तरी द.नं. ४३/०७०/७१
वि. महोत्तरी हु.द.नं. ४/०८०/८१

www.jaleshwortoday.com

# जलेश्वर टुडे

एक कदम अगाडि

Jaleshwor Today National Daily

बर्ष १२ • अंक ३१३ • २०८२ भदौं १६ गते सोमवार • 1 Sep. 2025 • पृष्ठ ४ • मुल्य रु.५/-

NAME
COACHING & TRAINING CENTER PVT. LTD.
Janakpurdham-4, (Shantinagar)
9854025530 / 9824885783

# भूमि विधेयकको विरोधमा महोत्तरीको जलेश्वरमा जसपा नेपालको विरोध प्रदर्शन

सञ्जीत कुमार मण्डल
जलेश्वर, १५ भदौं



नेपाल सरकारले ल्याएको भूमि विधेयकको विरोधमा आज जनता समाजवादी पार्टी (जसपा) नेपालले महोत्तरीको सदरमुकाम जलेश्वरमा विरोध प्रदर्शन गरेको छ।

भूमि विधेयक फिर्ता गर, गौर घटना धोका हो, मधेशी एकता जिन्दाबाद, जसपा नेपाल जिन्दाबाद लगायतका नाराहरुको साथ महोत्तरीको सदरमुकाम जलेश्वर नगरपालिकाको वडा नम्बर ६ खैरा चौकमा अवस्थित जसपा नेपालको पार्टी कार्यालयबाट हजारौं नेता कार्यकर्ता सहभागी भएर शुरु भएको जुलुश जलेश्वरको खैरा चौक, बुद्धीजिवी चौक, महेन्द्रचौक, मिना बजार, शंकरचौक हुँदै नगरपालिका चौकमा गएर कोण सभामा परिणत भएको थियो । कोण सभालाई सम्बोधन गर्दै जसपा नेपालका केन्द्रीय महासचिव रामकुमार शर्मा, केन्द्रीय कोषाध्यक्ष एवम् पूर्व प्रदेश सामाजिक विकास राज्यमन्त्री तथा पूर्व केन्द्रिय सूचना तथा सञ्चार राज्यमन्त्री सुरिता साह, केन्द्रीय कार्यकारिणी सदस्य एवं पूर्व कृषि मन्त्री हरिनारायण यादव र जसपा नेपालका नेता तथा पूर्व स्वास्थ्य राज्य मन्त्री सुरेन्द्र साह लगायतका वक्ताहरुले नेपाल सरकारले ल्याएको भूमि विधेयक जनताको हित विपरित रहेको बताउनुभयो।

उहाँहरुले सरकारले भूमि विधेयक ल्याएर देशको चुरे क्षेत्रको विनास गर्ने, अप्राकृतिक तथा अव्यवस्थित बसोबासलाई बढावा दिने र सम्पूर्ण मधेशलाई मरुभूमि बनाउने षडयन्त्र गरेको आरोप लगाउनुभयो । त्यस्तै नेताहरुले यस भूमि विधेयक भू-माफियाहरुको चलखेल रहेको र यसले समग्र राष्ट्रको अहित हुने औंल्याउँदै भूमि विधेयक फिर्ता लिनुपर्ने जोडदार माँग गर्नुभयो। सम्बोधन कै क्रममा जसपा नेपालका नेताहरुले गौर घटनामा जसपा नेपालका राष्ट्रिय अध्यक्ष उपेन्द्र यादवको नाउँ मुछेर वर्तमान सरकारले उनी विरुद्ध षडयन्त्र गरिरहेको बताउनुभयो। नेताहरुले सरकारले मधेश र मधेशी उपर गरिरहेको यस्ता षडयन्त्रपूर्ण काम तत्काल बन्द गर्न तथा मधेश र मधेशीको हकअधिकारमा हस्तक्षेप नगर्न सुझाव समेत दिनुभयो ।

जसपा नेपालले महोत्तरीको सदरमुकाम जलेश्वरमा गरेको विरोध प्रदर्शन तथा कोणसभाको अध्यक्षता पार्टीका जिल्ला अध्यक्ष रामनरेश रायले गर्नुभएको थियो भने जुलुश प्रदर्शनमा जिल्ला देखि केन्द्रसम्मका हजारौ नेता तथा कार्यकर्ताहरुको सहभागीता रहेको थियो ।

# मिथिलाञ्चलमा भदैया रैब पर्व परम्परागत उत्साहका साथ मनाइयो

जलेश्वरटुडे समाचारदाता
महोत्तरी, १५ भदौं



पुत्र, पति र परिवारका सदस्यहरूको आरोग्यता तथा सुख-समृद्धिको कामना गर्दै मिथिलाञ्चलमा आज भदैया रैब पर्व धार्मिक आस्था र परम्परागत उत्साहका साथ मनाइएको छ। विशेषगरी महिलाहरूले सूर्यदेवको आराधना गर्ने यो पर्व महोत्तरी, धनुषा, सिरहा, सर्लाही सहित सम्पूर्ण मिथिला क्षेत्रमा बिहानैदेखि सुरु भएको हो।

बिहानैदेखि बर्तालु महिलाहरूले घरघरमा ठेकुवा (सक्खर हालेर बनाइने विशेष पकवान) पकाएर केरा, मकै, काँक्रो, स्याउलगायत फलफूल, अक्षता, सुपारी र पानसहित पूजा सामग्री तयारी गरेका छन्। यी सामग्री लिएर उनीहरू नजिकैका पोखरी, तलाउ वा नदीमा पुगेर सूर्यदेवतालाई अर्घ्य अर्पण गर्दै रैब पर्वको पूजाआराधना गर्छन्। भदौ महिनामा मनाइने भएकाले यसलाई भदैया रैब भनिन्छ। पूजा सम्पन्न गरी घर फर्किएपछि बर्तालुहरूले आँगन वा पिँढीमा नेउज हाल्ने परम्परा पूरा गर्छन् । यस क्रममा केराको पातमाथि सक्खर हालेर बनाइएको खिर, फलफूल र केरा अर्पण गरिन्छ । प्रत्येक बर्तालुले परिवारका सदस्य संख्याअनुसार दुईवटा नेउज हाल्नुपर्छ भने विदेश वा घर बाहिर रहेका सदस्यको नाममा पनि अरूले नेउज हाल्ने चलन रहिआएको छ । आज राति बर्तालुहरूले नुनबिनाको भोजन ग्रहण गर्ने परम्परा छ । यस पर्वसँगै मिथिलाञ्चलमा अब प्रत्येक आइतबार महिलाहरू दिनभर उपवास बसेर बेलुकी नुनबिनाको खाना खाई छ महिनासम्म निरन्तर रैब पर्व मनाउने गर्छन्। कतिपय महिलाले भने महिनाको एउटा आइतबार मात्रै उपवास बसेर पनि पर्व पूरा गर्ने प्रचलन पालना गर्छन्।

# ६ बुंदे घोषणापत्र सार्वजनिक गर्दै स्वास्थ्यकर्मी फोरमको दोश्रो अधिवेशन समपन्न

जलेश्वरटुडे समाचारदाता
जनकपुरधाम, १५ भदौं



स्वास्थ्यकर्मीहरुको हकहित संरक्षणसहित ६ बुंदे घोषणापत्र सार्वजनिक गर्दै मधेशी स्वास्थ्यकर्मी फोरम, नेपाल मधेश प्रदेशको दोश्रो अधिवेशन सम्पन्न भएको छ ।

मधेश प्रदेशका सम्पूर्ण स्वास्थ्यकर्मीको अधिकार, हित र सम्मान सुनिश्चित गर्न संगठन निरन्तर संघर्षरत्त रहनेछ, प्रत्येक नागरिकलाई सरल, सहज र गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध गराउन राज्यलाई निरन्तर सहयोग गर्ने, स्वास्थ्यकर्मीहरुको पेशागत मर्यादा कायम राख्न, सीप अभिवृद्धि गर्ने तालिम, क्षमता विकास र अध्ययन कार्यक्रम संचालन गर्न पहल गर्ने, हाल मधेश प्रदेश र स्थानीय तहमा स्वास्थ्य सेवामा कार्यरत्त सबै समूहहरु स्वास्थ्यकर्मीहरुको पेशागत मागहरु सम्बन्धित उठेका मूल विषयहरु मधेश प्रदेश सरकारद्वारा जारी स्थानीय सेवा गठन तथा संचालन ऐन २०८१ म भएका त्रुटीहरु समाधानको लागि प्रदेश सरकारसँग समन्वय, छलफल, अन्तरक्रिया गरी माग सम्बोधन गराउन निरन्तर संवाद र दबाब सिर्जना गरी पहल गर्ने, समायोजन पश्चात सम्पूर्ण तह तप्काका स्वास्थ्यकर्मीहरुलाई एक तह स्तर वृद्धिको लागि पहल गर्ने, समाजमा स्वास्थ्य चेतना जगाउने, रोग रोकथाममा जोड, आवश्यक्ताका बेला जनतासँग हातेमालो गर्दै सहयोग गर्ने र सम्पूर्ण मधेशी स्वास्थ्यकर्मीबीच एकता, सहकार्य र साझा पहिचान निर्माण गर्दै संगठनलाई सम्पूर्ण स्थानीय तहसम्म विस्तार गर्ने लगायतको विषय घोषणापत्रमा उल्लेख गरिएको छ। शनिबारदेखि दुई दिनसम्म जनकपुरधाममा चलेको दोश्रो प्रदेश अधिवेशनले बिनोद यादवको अध्यक्षतामा १७ सदस्यीय मधेश प्रदेश कार्य समितिसमेत गठन गरेको छ । प्रदेश उपाध्यक्षहरुमा संजिव कुमार यादव (खुल्ला), चुनचुन प्रसाद यादव, (आयुर्वेद) र महिला उपाध्यक्षमा बबिता मण्डल सर्वसम्मत चयन भएका छन् ।

मुखय सचिवमा भागिरथ चौधरी, सचिवद्वयमा नरेश कुमार ठाकुर र शशीकान्त प्रसाद श्रीवास्तव, कोषाध्यक्षमा रंधिरकुमार यादव र सहकोषाध्यक्षमा उज्जवल यादव चयन भएका छन् । सदस्यहरुमा धनुषाबाट रामकुमार यादव, सर्लाहीबाट रत्नेश्वर साह, महोत्तरीबाट रामकुमार यादव, महोत्तरीबाट अभिषेक नारायण यादव र सर्लाहीबाट राजेशकुमार साह चयन भएका छन् ।

GYAN GANGA INT'L PUBLIC SCHOOL
Janakpurdham-12, Airport Road, Dhanusha
Contact : 9844027971, 9824877627



Our Features
* Highly Experienced Teachers' Team.
* Result Oriented Learning Pattern.
* Day Boarders & Healthy Hostel Facility.
* Special Class for Weak Students.
* Robotic & Computer Class Facilities from Grade-1.
* Cricket, Classical Dance, Singing, and others Friday Contest Facilities.
* Monitoring by CC Tv. * Transport Facility

GALAXY SCHOOL/COLLEGE
Bajrang Chowk, Janakpurdham-8
041-524969/9854028024
NEB AFFILIATED
Admission Open ! +2
- SCIENCE
- MANAGEMENT
- EDUCATION
- LAW with Computer
Super 81 Scholarship Scheme



33 Years of Academic Excellence




# रेमिट्यान्सको सदुपयोग गरौं

नेपालको अर्थतन्त्र आज दुई ठूला आधार प्रत्यक्ष विदेशी लगानी (एफडीआई) र रेमिट्यान्समा टेकेको देखिन्छ, । यी दुवैलाई हामीले प्रायः ठूलो आशा र अपेक्षा सहित हेर्ने गरेका छौं । कतिपयलाई लाग्छ, विदेशी लगानीले नेपालमा पुँजी, प्रविधि र सीप ल्याउँछ, नयाँ उद्योग खोल्छ र हजारौं युवालाई रोजगारी दिन्छ । त्यसरी नै, विदेशमा पसिना बगाएका लाखौं नेपाली श्रमिकले पठाएको रेमिट्यान्सले परिवारलाई मात्र होइन, देशकै अर्थतन्त्रलाई पनि बल पुऱ्याएको देखिन्छ । यस्तो कारणले गर्दा यी दुवै स्रोतलाई प्रायः समृद्धिको ढोकाको चाबीको रूपमा चित्रण गरेको देखिन्छ ।

अर्को पक्ष पनि उत्तिकै महत्वपूर्ण छ । सबैले सोध्ने प्रश्न छ, के यी स्रोतहरूले साँच्चै नेपाललाई दिगो समृद्धितर्फ लैजान सक्छन् ? वा, उल्टै अझ बढी निर्भर र कमजोर मात्र बनाउँछन् ? उदाहरणका लागि विदेशी लगानी आए पनि त्यसले नेपालमा उत्पादन बढाउने भन्दा बढी नाफा विदेश लैजाने जोखिम रहेको देखिन्छ । प्राकृतिक स्रोत दोहन गर्ने परियोजनाले वातावरण नकारात्मक असर पार्ने देखिन्छ र स्थानीयलाई अलिकति मात्र फाइदा दिने देखिन्छ । त्यस्तै, रेमिट्यान्सको पैसा उत्पादनशील क्षेत्रमा प्रयोग नभई केवल उपभोगमा सकियो भने दीर्घकालीन रूपमा देश अझै बलियो बन्न नसक्ने अवस्थामा गईरहेको देखिन्छ ।

# पहिलोपटक चोरी सिकारी सम्बन्धी वन मुद्दा दायर

**जलेश्वरटुडे समाचारदाता**
**महोत्तरी, १५ भदौं**



डिभिजन वन कार्यालय महोत्तरीले जङ्गली क्षेत्रबाट वन्यजन्तु सहित पक्राउ परेका चार जनामाथि पहिलोपटक चोरी सिकारी सम्बन्धी वन मुद्दा दायर गरेको छ। बर्दिबास-१०, लक्ष्मीनियाँको जङ्गलबाट छ वटा मरेको दुम्सीसहित पक्राउ परेका सर्लाही ईश्वरपुर-३, भक्तिपुर नट टोलका अरुण मिस्त्री, रामस्वरूप मिस्त्री, उमेश मिस्त्री र ध्रुव मिस्त्रीमाथि मुद्दा दायर गरिएको हो।

उनीहरूलाई राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन २०२९ बमोजिम 'बिना अनुमति वन्यजन्तुको चोरी सिकार तथा ओसारपसार गरेको' अभियोगमा कारबाही अघि बढाइएको वन कार्यालयले जनाएको छ। मुद्दाका अनुसन्धान अधिकृत एवं सव डिभिजन वन कार्यालय बर्दीबासका प्रमुख सिकिन्दर चौधरीका अनुसार जिल्ला न्यायाधिवक्ता कार्यालय महोत्तरीको सिफारिसमा चारै जनामाथि ऐनको दफा ११ बमोजिम अभियोग पत्र दायर गरिएको हो। सोही ऐनको दफा २६ (६) अनुसार अभियुक्तहरूलाई २० हजार रुपियाँ जरिवाना वा ६ महिनासम्म कैद वा दुवै सजायको माग दाबी गरिएको चौधरीले बताउनुभयो। ऐनको दफा २६ (६) ले बिना अनुज्ञापत्र (हन्टिङ लाइसेन्स) वन्यजन्तु पक्रने, मार्ने लगाएतका कार्य गर्न बर्जित गरेको छ।

यद्यपि दुम्सी संरक्षित वन्यजन्तुको सूचीमा नरहेकोले चारै जनालाई जनही ३० हजार रुपैयाँ धरौटी लिई तारेखमा रिहा गरिएको वन कार्यालयले जनाएको छ। उनीहरूसाथ पक्राउ परेका बा. ८८ प. ११६० र बा. ५६ प. २२४० नम्बरका दुई वटा मोटरसाइकल र सिकारमा प्रयोग गरिएका घरेलु हतियार भने जफत गरिएको चौधरीले बताउनुभयो। गत साउन २८ गते राति जनकपुरबाट लालबन्दीतर्फ जाने क्रममा डिभिजनल वन अधिकृत (डिएफओ) सन्तोष झाले दुई वटा मोटरसाइकलमा सवार ती चारै जनालाई मरेको दुम्सीसहित नियन्त्रणमा लिएर डिभिजन वन कार्यालय महोत्तरीको जिम्मा लगाउनु भएको थियो। घटनाका दुई साता लामो अनुसन्धान पछि पहिलोपटक चोरी सिकारी मुद्दा दायर गरेको छ।

# मेयर कुशवाहा र प्रचण्डबीच भेटघाट, सिंहद्वारा पार्टी प्रवेश



**जलेश्वरटुडे समाचारदाता**
**सर्लाही, १५ भदौं**

बलरा नगरपालिकाका मेयर रामाशंकर कुशवाहाले नेकपा (माओवादी केन्द्र) का अध्यक्ष एवं पूर्व प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'सँग भेटघाट गरेका छन्। मेयर कुशवाहाले प्रचण्डसँगको सौहार्दपूर्ण भेटलाई राजनीतिक चेतना र नयाँ ऊर्जा प्राप्त गर्ने अवसरको रूपमा व्याख्या गर्दै मुलुकको वर्तमान अवस्था, राजनीतिक परिवेश र भावी दिशाबारे भएको संवादलाई निकै प्रेरणादायी बताउनुभयो।

"कोमल हृदय, गहिरो विचार र दूरदर्शी सोचले उहाँलाई युगपुरुषको स्थानमा स्थापित गरेको छ," मेयर कुशवाहाले भन्नुभयो। उहाँले प्रचण्डको देशप्रेम, मधेसप्रतिको आत्मीय भावना र समावेशीकरण प्रतिको दृढ विश्वास अनुकरणीय रहेको उल्लेख गर्दै माओवादी अध्यक्षको नेतृत्वमा कार्यकर्तामा उत्साह, जनतामा विश्वास र अन्तर्राष्ट्रिय क्षेत्रमा सन्तुलन कायम हुने विश्वास व्यक्त गर्नुभयो। यसै अवसरमा बलराका चर्चित युवा नेता अनिल कुमार सिंह नेकपा (माओवादी केन्द्र) मा प्रवेश गर्नुभएको छ।





अनुरोधकर्ता
लक्ष्मीनियाँ गाउँपालिकाको कार्यालय
धनुषा, मधेश प्रदेश


## तपाईको टुडे

- मेषः लामो यात्राको योग छ
- वृषः मनमा पछुतो आउने
- मिथूनः खानपानमा समस्या आउने
- कर्कटः पिछडेको साथी मिल्ने
- सिंहः आम्दानी हुने
- कन्याः मित्रतामा फाटो आउने
- तुलाः अनावश्यक चिन्ता
- वृश्चिकः अशुभ समाचार प्राप्त हुने
- धनुः विचार गरेर बोल्नुहोला
- मकरः पढाईमा ध्यान दिनुपर्ने
- कूम्भः अनावश्यक खर्चको संभावना
- मीनः शुभ कार्यको शुरुवात

## मधेश प्रदेशको गौरव

श्री सत्यनारायण भगवानको दर्शन गरौं,मनबाञ्छित फल पाऔं ।



आरती : विहान : ९ र राति ८ बजे
ठेगाना : शरञ्चियाँ कुट्टि र कलबार कुट्टिको विचमा,पु.:९८२७८१४५८८

श्री देवअंशी लहेरी समाज, जनकपुरधाम–४,धनुषा

## आवश्यक टेलिफोन नम्बरहरु

### जलेश्वर

| | |
|---|---|
| नेपाल पत्रकार महासंघ महोत्तरी | ५२०५१५ |
| जलेश्वरअस्पताल एम्बुलेन्स | ९७४४००२५२७ |
| नेपाल रेडक्रस सोसाइटी एम्बुलेन्स | ५२०१००, |
| सामुदायिक विकास परि.एम्बुलेन्स | ५२१००५, |
| RCDSC एम्बुलेन्स | ५२०२९८, |
| दसहारा एम्बुलेन्स | ५२०६७७, ९८४४२६०००० |
| बर्दिबास अस्पताल एम्बुलेन्स | ५५००९०, |
| बर्दिवास सेवा समिति एम्बुलेन्स | ५५०५८६, |
| रामगोपालपुर एम्बुलेन्स | ६९०५९३ |
| जिल्ला प्रहरी | ५२०००९ |
| विद्युत | ५२०१६६ |
| वारुण यन्त्र | ५२००९७ |
| जिल्ला प्रशासन | ५२००५५ |

**आवश्यक नम्वरहरुको लागि सम्पर्क गरौं १९७**

### जनकपुर

| | |
|---|---|
| प्रहरी धनुषा | 520099, 100 |
| सुरक्षा गुल्म जनकपुर बैरेक | 0186,526586 |
| सशस्त्र प्रहरी मुजेलिया | 527213, 527800 |
| मुजेलिया प्रहरी चौकी | 520750 |
| ट्राफिक कार्यालय जिरोमाईल | 520366 |
| एम्बुलेन्स पब्लिक वेल फेयर | 9854022474 |
| एम्बुलेन्स रेडक्रस | 102 |
| एम्बुलेन्स (सरोज फाउन्डेशन) | 522806 |
| महाबीर एम्बुलेन्स | 525980 |
| एम्बुलेन्स मेडिकल कलेज | 526091 |
| एम्बुलेन्स केयर मेडिकल सेन्टर | 523864 |
| बरुण यन्त्र जनपा | 520011 |
| जिल्ला जनस्वास्थ्य कार्यालय | 526271 |
| जनकपुर अंचल अस्पताल | 520033 |
| केयर मेडिकल सेन्टर | 523864 |
| धनुषा तथा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | 525800 |
| **जानकी हेल्थ केयर एण्ड रिसर्च सेन्टर** | 525342 |

## जलेश्वरनाथ मन्दिर पुजाआजा

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | ०५:०० बजे |
| विहान पुजा आरती | ०५:३० बजे |
| विहान ढोका बन्द | १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | ०४:०० बजे |
| सन्ध्या पूजा आरती साँझ | ०६:३० बजे |
| राति ढोका बन्द हुने समय | १२ बजे |

(हरेक हप्ताको मंगलबार र शनिबार मन्दिर प्राङ्गणमा दिउँसो भजन किर्त्तन सहित हनुमान आराधना )

## जानकी मन्दिर पुजाआजा

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | ०५:०० बजे |
| विहान पुजा आरती | ०७:३० बजे |
| विहान ढोका बन्द | १२:०० बजे |
| अन्न क्षेत्र | निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | ०४:०० बजे |
| सन्ध्या पूजा आरती साँझ | ०७:३० बजे |

# 'आपसी विश्वास, सम्मान र संवेदनशीलतामा आधारित सम्बन्धलाई अगाडि बढाउन प्रतिबद्ध छु'- मोदी

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, १५ भदौं**



भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले आइतबार चिनियाँ राष्ट्रपति सी चिनफिङसँग भएको द्विपक्षीय वार्तामा भारत-चीन सम्बन्धलाई आपसी विश्वास, सम्मान र संवेदनशीलताको आधारमा अगाडि बढाउने प्रतिबद्धता व्यक्त गरेका छन्।

प्रधानमन्त्री मोदीले सीमा विच्छेदपछि सम्बन्ध र शान्तिका विभिन्न क्षेत्रमा भएको प्रगतिलाई सराहना गरे। "गत वर्ष कजानमा भएको हाम्रो फलदायी छलफलले सम्बन्धलाई सकारात्मक दिशा दियो। सीमामा विघटनपछि शान्ति र स्थिरताको वातावरण बनेको छ। सीमा व्यवस्थापनका लागि हाम्रा विशेष प्रतिनिधिहरूबीच सम्झौता भएको छ", उनले भने, "दुई देशबीचको प्रत्यक्ष उडान पनि पुन: शुरू हुँदैछ। दुवै देशका दुई अर्ब ८० करोड जनताको हित हाम्रो सहकार्यसँग जोडिएको छ। यसले सम्पूर्ण मानवताको हितको मार्ग पनि प्रशस्त गर्नेछ। हामी आपसी विश्वास, सम्मान र संवेदनशीलताको आधारमा हाम्रो सम्बन्धलाई अगाडि बढाउन प्रतिबद्ध छौं।"

# श्री महेन्द्र आदर्श महिला माविमा एसइई उर्तिण छात्राहरुलाई साइकल वितरण

**आरजे इर्शाद शेख**
**महोत्तरी, १५ भदौं**



नेपाल-भारत मैत्री युवा सङ्घद्वारा सञ्चालित "उडान" कार्यक्रम अन्तर्गत महोत्तरीको जलेश्वर नगर पालिका-१ मा अवस्थित श्री महेन्द्र आदर्श महिला माध्यमिक विद्यालयका एसइई उर्तिण १२ जना छात्रालाई साइकल वितरण गरिएको छ।

उक्त कार्यक्रम आइतबार का दिन विद्यालय को प्राङ्गणमा सम्पन्न भएको छ  कार्यक्रममा नेपाली कांग्रेसका महोत्तरी जिल्लाका वरिष्ठ नेता तथा पूर्व सांसद रामचन्द्र तिवारीको प्रमुख आतिथ्यमा छात्राहरूलाई साइकल हस्तान्तरण गरिएको हो। कार्यक्रममा नेपाल-भारत मैत्री युवा सङ्घ महोत्तरीका अध्यक्ष जितेन्द्र सिंहको अध्यक्षता रहेको थियो भने सङ्घका केन्द्रीय महासचिव कृष्ण सिंह विशेष अतिथि रहेका थियो। साइकल वितरण कार्यक्रममा नेकपा एमालेका नेता राम आधार कापर, विभिन्न सञ्चारकर्मी, समाजसेवी, राजनीतिकर्मी, अभिभावक तथा विद्यालय समुदायको उल्लेखनीय उपस्थिति रहेको थियो। नेपाल-भारत मैत्री युवा सङ्घले सञ्चालनमा ल्याएको "उडान" कार्यक्रम ग्रामीण तथा सीमान्तकृत क्षेत्रका छात्राहरूलाई शिक्षामा सहुलियत र पहुँच सुनिश्चित गर्न लक्षित गरिएको हो। साइकल प्राप्त गरेपछि छात्राहरूले दैनिक विद्यालय आवतजावत सहज हुने र उच्च शिक्षाको लागि उत्साह थपिएको प्रतिक्रिया दिएका छन्।

# 'यसकारण मैले 'टाइगर जिन्दा है' गरिनँ'

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, १५ भदौं**



अभिनेता रणवीर शोरे सलमान खानको ब्लकबस्टर फिल्म 'एक था टाइगर'मा देखा परेका थिए। तर उनी दोस्रो फिल्म 'टाइगर जिन्दा है'मा देखा परेनन्। अहिले रणवीर आफैंले दोस्रो फिल्म छोड्नुको कारण बताएका छन्। उनले दोस्रो फिल्म अस्वीकार गरे पनि रिसको कारण 'टाइगर ३' को हिस्सा बनेको खुलाए।

डिजिटल कमेन्ट्रीसँगको हालैको अन्तर्वार्तामा रणवीरले 'टाइगर जिन्दा है' नगरेको बारेमा भने, 'मलाई पनि टाइगर २ (टाइगर जिन्दा है) को अफर आएको थियो। जब पहिलो भाग बन्यो, म स्क्रिनिङमा गएँ, यशजी त्यहाँ हुनुहुन्थ्यो, सलीम साहब पनि हुनुहुन्थ्यो, उहाँले मेरो ढाड थपथपाउँदै तिमीले धेरै राम्रो काम गऱ्यौं भन्नुभयो। म पनि खुसी थिएँ। तर जब भाग दुईको स्क्रिप्ट आयो, मेरो भूमिका पहिलो भन्दा सानो थियो र प्रस्ताव गरिएको पैसा पहिलोभन्दा पनि कम थियो। मैले भनें - तपाईं यो किन गर्दै हुनुहुन्छ ? यदि मानिसहरूले मेरो भूमिकाको प्रशंसा गरिरहेका छन् भने तपाईंले भूमिका बढाउनु पर्छ। उनले भने - होइन, यो यही हो। त्यसैले मैले अस्वीकार गरें।' रणवीरले थप भने, 'तेस्रो भाग (टाइगर ३) मा के भयो भने गिरीशजी (गिरीश कर्नाड) को मृत्यु भइसकेको थियो। त्यस कारण टाइगरको मूल टोलीमा केवल गिरीशजी र म मात्र बाँकी थियौं। यसपटक पनि मैले भूमिका पाएँ। त्यसैले मैले भने - के तपाईं मलाई मार्न फिर्ता बोलाउँदै हुनुहुन्छ ? उनले भने - हो। सुरुमा मलाई चित्त दुख्यो। तर त्यसपछि उनीहरूले भनेझैं, म रिसाएर भने कि ठिक छ म मेरो पात्रलाई मृत्यु दिन आउँछु।

# ग्लोबल रिच फुटसल उपाधि सेन्ट जेभियर्सलाई


**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, १५ भदौं**




सेन्ट जेभियर्स कलेजले ग्लोबल रिचको सातौं वार्षिकोत्सवको अवसरमा आयोजित अन्तर विद्यालय ए लेभल फुटसल प्रतियोगिता जितेको छ। धुकु फुटसलमा शनिबार सम्पन्न प्रतियोगिताको फाइनलमा सेन्ट जेभियर्सले प्रिमियर इन्टरनेशनल आईबी कन्टिन्युम स्कूललाई पेनाल्टी शुटआउटमा ४-३ गोल अन्तरले पराजित गऱ्यो।

निर्धारित ४० मिनेटको खेल १-१ गोलको बराबरीमा सकिएपछि निर्णय टाइब्रेकरबाट लिइएको थियो। प्रतियोगितामा उपत्यकाका १६ कलेजको सहभागिता थियो। ग्लोबल रिचले आफ्नो सामाजिक उत्तरदायित्वअन्तर्गत यो प्रतियोगिता आयोजना गरेको हो। प्रतियोगिताको उत्कृष्ट खेलाडी विजेता सेन्ट जेभियर्सका आदित्य गैरे भए। सर्वाधिक गोलकर्ता प्रिमियमका श्यामिर श्रेष्ठ, उत्कृष्ट गोलरक्षक प्रिमियमकै रिलिश न्यौपाने र सर्वोत्कृष्ट प्रशिक्षक सेन्ट जेभियर्स्का वेदान्त सिंह ठकुरी भए। प्लेयर अफ द फाइनल सेन्ट जेभियर्सका सन्जोग राई भए। रातो बंगला स्कूलले फेयर प्ले अवार्ड जित्यो। प्रतियोगितालाई अष्ट्रेलियाका युनिभर्सिटी अफ टेक्नोलोजी सिड्नी, बैंकक युनिभर्सिटी, कर्टिन युनिभर्सिटी, युनिभर्सिटी अफ क्यानबेरा, म्याक्वेर युनिभर्सिटी र अष्ट्रेलियन क्याथोलिक युनिभर्सिटीले सहप्रयोजन गरेको थियो।


## हैजा रोगको जोखिम तथा रोकथामका उपायहरु




अनुरोधकर्ता
सम्सी गाउंपालिकाको कार्यालय
महोत्तरी, मधेश प्रदेश

## झाडापखाला, हैजा र डेंगीबाट बचौं

अविरल भइरहेको वर्षाले झाडापखला, हैजा र डेंगीको खतरा बढेको छ । तसर्थ, झाडापखला र हैजाबाट बच्न:
- सधैं पानी उमालेर वा क्लोरिन झोल प्रयोग गरेर मात्र पिऔं,
- व्यक्तिगत सरसफाई (विशेष गरी हातको सरसफाई) मा ध्यान दिऔं
- बासी सडेगलेका खानेकुरा नखाऔं,
- खानालाई छोपेर राखौं,
- काँचै खान मिल्ने फलफूल र तरकारीको सरसफाईलाई विशेष ध्यान पुर्याऔं

साथै खुल्ला रूपमा दिसापिसाब नगरौं, चर्पीको अनिवार्य प्रयोग गरौं र दिसापिसाब गरिसकेपछि साबुनपानीले मिचि मिचि हात धोऔं ।

साथै एडीस जातका लामखुट्टेको (कालो-सेतो छिर्केमिर्के देखिने) टोकाईबाट सर्ने डेंगी रोगबाट बच्न:
- आफ्नो घर वरपर तथा कार्यस्थलमा सफा पानी जमेको ठाउँमा लामखुट्टेले फूल पार्ने भएको हुँदा पानी जम्न नदिऔं
- घरको झ्याल ढोकामा लामखुट्टे नछिर्ने जाली हालौं,
- जुनसुकै बेला सुत्दा झुलको प्रयोग गरौं,
- पुरै शरिर ढाक्ने लुगा लगाऔं र सचेत रहौं ।

साथै खाद्यान्न तथा खानेपानी वितरक सम्पूर्ण सरोकारवाला निकाय तथा व्यवसायीहरुलाई सचेत रहन अनुरोध गर्दछौं ।

मधेश प्रदेश सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
स्वास्थ्य निर्देशनालय सपही, धनुषा

# लिम्पियाधुरा, लिपुलेख र कालापानी नेपालको ऐतिहासिक, भौगोलिक र कानुनी अधिकारमा आधारित भू-भाग


-प्रेमचन्द्र झा

नेपालको पश्चिमोत्तर सिमाना–लिपुलेख, कालापानी र लिम्पियाधुरा–केवल भूगोलका सीमारेखा मात्र होइनन्, यी नेपाली सार्वभौमिकताको गहिरो पहिचान हुन् । इतिहास, भूगोल, संस्कृति र कानुनी दस्तावेजहरूले निरन्तर रूपमा प्रमाणित गर्दै आएका छन् कि यी भूभाग सदियौंदेखि नेपालको अभिन्न हिस्सा रहिआएका छन् । तथापि, हालै भारत र चीनबीच भएको लिपुलेख मार्ग हुँदै व्यापार पुनःसञ्चालनको समझदारीले पुनः एकपटक नेपालको सिमाना र स्वाधीनताको विषय अन्तर्राष्ट्रिय बहसमा ल्याएको छ ।

सन् १८१६ को सुगौली सन्धिले काली नदीलाई नेपाल-भारत सिमाको आधार तोकेको छ। नेपालको दाबीअनुसार काली नदीको मूल उद्गम लिम्पियाधुरा हो, जसअनुसार लिपुलेख, कालापानी र लिम्पियाधुरा नेपालको भूभागमा पर्छन् । ईस्ट इन्डिया कम्पनी कुनै सार्वभौम राष्ट्र नभई व्यापारिक निगम थियो । यसले कुमाउ, गढ्वाल र अन्य भूभाग सामरिक बल प्रयोग गरी हरण गरेको थियो, जुन उपनिवेशवादको एक परिपाटी थियो। त्यसैले यसले तोकेको सीमा नेपालको लागि मान्य हुन सक्दैन । मल्ल युगमा नेपाल अधिराज्यले कुमाउ-गढ्वाल क्षेत्रसम्म प्रभाव जमाएको ऐतिहासिक तथ्यहरू छन्। मानदेव र पृथ्वीनारायण शाहका शासनमा ती क्षेत्र नेपालको प्रशासनिक नियन्त्रणमा थिए। नेपाली भाषामा लेखिएका शिलालेख गढ्वालमा भेटिनु यस तथ्यको पुष्टि हो। सन् १८०१ मा नेपाल र ब्रिटिश ईस्ट इन्डिया कम्पनीबीच भएको सन्धिले पनि कुमाउ-गढ्वाल क्षेत्र नेपालको भू-भाग रहेको स्वीकार गरेको थियो। सुगौली सन्धिपछि यी भूभाग ब्रिटिश नियन्त्रणमा गए तापनि त्यो सैन्य दबाबमा भएको थियो ।

नेपालले सन् २०२० मा संविधान संशोधन गरी लिम्पियाधुरा, लिपुलेख र कालापानी समेटिएको नयाँ नक्शा सार्वजनिक गरेको हो । यो नक्सालाई संसदले सर्वसम्मतिले पारित गर्दै नेपालको औपचारिक नीतिको रूपमा स्वीकार गरिसकेको छ। नेपालले पटक-पटक भारत र चीनलाई कूटनीतिक नोटमार्फत जानकारी गराउँदै आएको छ कि सीमा सन्धिहरू त्रिदेशीय सहमतिमा मात्र लागू हुनसक्छन्। भारत-चीनको द्विपक्षीय व्यापार सम्झौतामा नेपालको अनुमति र सहभागिता नहुनु अन्तर्राष्ट्रिय कूटनीतिक अभ्यास विपरीत हो ।

सन् २०२५ अगस्टमा भारत र चीनले लिपुलेख, शिपकी ला र नाथु ला हुँदै व्यापार पुनःसञ्चालन गर्ने निर्णय गरेका छन् । नेपालले यसलाई आफ्नो सैद्धान्तिक र भौगोलिक अधिकारमाथिको अतिक्रमण ठान्दै विरोध जनाएको छ । नेपालको परराष्ट्र मन्त्रालयले दुवै देशलाई कूटनीतिक नोट पठाएर यथास्थितिमा परिवर्तन नगर्न चेतावनी दिएको छ। भारतले नेपालका दाबीलाई ऐतिहासिक तथ्यविहीन भनेको छ, तर सीमा विवाद समाधानका लागि संवादमा तयार रहेको संकेत पनि दिएको छ । संयुक्त राष्ट्रसंघको चार्टरले कुनै पनि राष्ट्रको क्षेत्रीय अखण्डताको सम्मान गर्नुपर्ने प्रावधान गरेको छ। नेपालको आधिकारिक नक्शा, संविधान र ऐतिहासिक दस्तावेजहरूका आधारमा नेपालको दाबी अन्तर्राष्ट्रिय कानुनी दृष्टिले सशक्त छ। नेपालले अन्तर्राष्ट्रिय कानुनी निकायहरू, जस्तै अन्तर्राष्ट्रिय अदालत, संयुक्त राष्ट्रसंघ, वा क्षेत्रीय सहयोग संस्थाहरू मार्फत आफ्नो पक्ष प्रस्तुत गर्न सक्ने आधार छ । चीनले सैद्धान्तिक रूपमा नेपालको सिमाना सम्मान गर्ने बताएको भए पनि, भारतसँग द्विपक्षीय व्यापार सम्झौता गर्दा नेपाललाई अवगत नगरेको अवस्था दोहोरो चरित्र देखिएको संकेत हो। नेपालले भारत र चीन दुबैसँग उत्तरदायी व्यवहारको अपेक्षा गर्न सक्छ। लिम्पियाधुरा, कालापानी र लिपुलेख सम्बन्धी विषयमा नेपाली जनमानस अत्यन्त संवेदनशील छ। सन् २०२० जस्तै सन् २०२५ मा पनि संसद, सरकार, प्रमुख राजनीतिक दल, नागरिक समाज, र युवापुस्ता एकजुट देखिन्छन् । नेपालले आफ्नो भू-सम्प्रभुता, ऐतिहासिक सिमाना र कूटनीतिक स्वाधीनताको रक्षा गर्न बहुआयामिक रणनीति अवलम्बन गर्नुपर्ने देखिन्छ। तत्कालका लागि भारत र चीनलाई पुनः कूटनीतिक नोट पठाइनु आवश्यक छ, जसमा नेपालको स्पष्ट आडान प्रस्तुत होस् । संसदको अन्तर्राष्ट्रिय सम्बन्ध समितिले समेत सक्रिय भूमिका खेल्दै सरकारलाई मार्गदर्शन दिन सक्छ । साथै, अन्तर्राष्ट्रिय सञ्चार माध्यमहरूमा नेपाली पक्षको सत्यता प्रवाह गर्न आवश्यक छ । मध्यमकालमा नेपालले त्रिपक्षीय वार्ता पहल गर्नुपर्छ, जसमा भारत-चीनको सहमति बिना नेपालभित्र पर्ने भूभाग प्रयोग अमान्य हुने स्पष्ट सन्देश दिनुपर्छ। ऐतिहासिक दस्तावेज, नक्सा र प्रमाणहरूको वैज्ञानिक अध्ययनका लागि आयोग गठन गरिनुपर्छ। त्यसैगरी, सीमावर्ती क्षेत्रमा नेपाल सरकारको प्रशासनिक उपस्थिति सशक्त बनाउनु जरुरी छ–स्वास्थ्य, शिक्षा, पूर्वाधार र सुरक्षाका आधारमा । दीर्घकालीन रूपमा नेपालले अन्तर्राष्ट्रिय न्यायालयमा मुद्दा लैजाने विकल्पको अध्ययन गर्नुपर्छ। साथै, देशभित्र र विदेशमा 'सिमाना चेतना' बढाउने कार्यक्रम सञ्चालन गर्नुपर्छ। विद्यालयदेखि विश्वविद्यालयसम्म सिमाना र सार्वभौमिकता विषयक पाठ्यक्रम समावेश गर्नु दीर्घकालीन जागरुकता निर्माणको उपाय हो । विदेशस्थित नेपाली समुदाय र बौद्धिक व्यक्तित्वहरूमार्फत जन-कूटनीति सञ्चालन गर्नु पनि उत्तिकै महत्त्वपूर्ण हुनेछ । २०२० को सीमासम्बन्धी संवैधानिक संशोधन प्रक्रियामा देखिएको राष्ट्रिय एकता अहिले पुनः देखिएको छ । सबै प्रमुख राजनीतिक दलहरू–नेपाली कांग्रेस, एमाले, माओवादी केन्द्र–ले स्पष्ट रूपमा राष्ट्रिय हितको पक्षमा सरकारलाई सहयोग गर्ने प्रतिबद्धता व्यक्त गरिसकेका छन्। शिक्षित युवाहरू अनुसन्धान, लेख, बहस, अन्तरक्रियामा सक्रिय छन्। सरकारले यिनको पहललाई संस्थागत गर्न आवश्यक छ । नेपालले चीनसँग रणनीतिक सम्बन्ध राख्दै आएको भए पनि यस विषयमा स्पष्ट संवाद गर्न जरुरी छ । चीनले नेपाललाई समेटिकन त्रिपक्षीय संवादप्रति सकारात्मक संकेत दिने अपेक्षा गर्न सकिन्छ। अर्कातर्फ अमेरिका, युरोपेली संघ, राष्ट्रसंघ लगायतले अन्तर्राष्ट्रिय सीमाको सम्मान गर्ने नीतिमा विश्वास राख्दछन्। नेपालले यथोचित प्रमाण प्रस्तुत गर्न सकेमा यिनीहरूबाट नैतिक समर्थन प्राप्त गर्न सकिन्छ । लिम्पियाधुरा, लिपुलेख र कालापानी नेपालको ऐतिहासिक, भौगोलिक र कानुनी अधिकारमा आधारित भू-भाग हुन्। भारत-चीनको व्यापार सम्झौताले नेपालको स्वाधीनताको अवमूल्यन गर्ने जोखिम बोकेको छ । नेपालले ऐतिहासिक प्रमाण, संवैधानिक आधार, कूटनीतिक पहलकदमी, र जनएकताको माध्यमबाट आफ्नो अधिकार दृढतापूर्वक प्रस्तुत गर्नुपर्छ । यस सन्दर्भमा केही स्पष्ट सिफारिसहरू छन–पहिलो, त्रिपक्षीय कूटनीतिक वार्ता पहल तुरुन्त थालिनु पर्छ। दोस्रो, सीमा सन्दर्भमा आधिकारिक ऐतिहासिक दस्तावेजहरू संकलन गर्न वैज्ञानिक आयोग गठन गरिनुपर्छ । तेस्रो, UN, ICJ, SAARC, BIMSTEC लगायत अन्तर्राष्ट्रिय मंचमा सक्रिय सहभागिता जनाउँदै नेपालको दाबी व्याख्या गर्नुपर्नेछ । चौथो, सीमावर्ती क्षेत्रमा प्रशासनिक उपस्थिति विस्तार र पूर्वाधार निर्माण आवश्यक छ । पाँचौं, शिक्षा प्रणालीमा 'सीमा, सिमाना र संप्रभुता' विषयमा पाठ्यक्रम समावेश गर्नुपर्नेछ । यी कदमहरूले मात्र नेपालको सार्वभौमिकता सुरक्षित गर्न सम्भव हुनेछ । राष्ट्रिय आत्मसम्मानको सवालमा कुनै सम्झौता हुनु हुँदैन ।




अनुरोधकर्ता
जनकनन्दनी गाउँपालिकाको कार्यालय
धनुषा, मधेश प्रदेश







अनुरोधकर्ता
कमला नगरपालिकाको कार्यालय
धनुषा, मधेश प्रदेश

प्रकाशक तथा सम्पादक : पवन कुमार साह, सह-सम्पादक : सोनी साह, मुद्रक : जय दुर्गा अफसेट प्रेस,जनकपुरधाम
प्र.कार्यालय : जलेश्वर -४, सुगा भवानीपट्टि, सम्पर्क कार्यालय : जनकपुरधाम–४ (मुरलीचौक), विज्ञापनको लागि सम्पर्क :९८४४०२७९७१/९८२४८७७६२७
Email:jaleshwortoday@gmail.com,web: www.jaleshwortoday.com, www.facebook.com/JaleshworToday,twitter.com/JaleshworToday